# २०७६।०३।०४ गतेको विपद् व्यवस्थापन समितिको निर्णयहरु

१. मनसनु शुरु हुन थालिसकेकोले बाढी पहिरोवाट पूर्वाधार तथा भौतिक सम्पतिमा क्षति पुग्न जाने विशेष गरी राजमार्गमा अवरोध आउन सक्ने संभावनालाइ दृष्टिगत गरी सडक डिभिजन कार्यालय दमौली र यान्त्रिक कार्यालय डुम्रेले आपसी समन्वयका साथ रणनीतिक स्थानहरुमा Heavy equipment सहितको टोली तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

२. जिल्ला प्रहरी कार्यालय तनहुँ, कृष्ण दल गण, चापाघाट व्यारेक, नं. ३ जगदल गण डुम्रे व्यारेक तथा सशस्त्र प्रहरी बल नं. २३ गण मनकामना तनहुँले संभावित यस जिल्ला भित्र विपद् परेको अवस्थामा तत्काल परिचालन हुन सक्ने गरी QRT/RRT तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

३. विपद् प्रतिकार्य योजना २०७६ अनुसार सबै निकायहरु संभावित विपद्को अवस्थामा तत्काल cluster wise परिचालन हुन सक्ने अवस्थामा रहने व्यवस्था मिलाउने ।

४. जिल्ला स्वास्थ्य कार्यालय/दमौली अस्पतालमा तथा स्थानीय तहमा मनसुनको समयमा हुन सक्ने संभावित महामारी/प्रकोपलाई दृष्टिगत गरी स्वास्थ्यकर्मी सहितको QRT तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

५. विपद् प्रतिकार्य योजना अनुसार संभावित विपद् पर्दा खटिनु पर्ने राष्ट्रसेवकहरुलाई आवश्यक अवस्थामा वाहेक विदा नबस्ने, बस्नै परेमा आलोपालो गरी संभाव्य कार्यमा वाधा नहुने गरी मात्र बस्ने व्यवस्था मिलाउने ।

६. यस वर्षको विभिन्न समयको हुरीवतासवाट निम्नअनुसारका व्यक्तिहरु पिडित भएको भनि सम्बन्धित स्थानीय तह तथा प्रहरी इकाईवाट सिफारिस भई आए अनुसार जिल्ला तनहुँ आँबुखैरेनी गाउंपालिका वडा नं. २ गिरानचौर बस्ने वर्ष ५५ को प्रेम बहादुर गुरुङ, ऐ.ऐ. बस्ने वर्ष ६७ को देउ बहादुर गुरुङ, ऐ.ऐ. बस्ने वर्ष ३६ की राम माया गुरुङ, ऐ.ऐ. बस्ने वर्ष ७६ की जुरेली गुरुङ, ऐ.ऐ. बस्ने वर्ष ५७ को हर्क बहादुर गुरुङ, ऐ.ऐ. समस्थिपुर बस्ने वर्ष ७० को पुर्ण बहादुर वि.क, ऐ.ऐ. खमारे बस्ने वर्ष ४९ को पुर्ण बहादुर पन्त क्षेत्री, ऐ.ऐ. समस्थिपुर बस्ने वर्ष ३३ की सिर्जना दवाडी, ऐ.ऐ. समस्थिपुर बस्ने वर्ष ४८ को खड्क बहादुर गुरुङ, ऐ.ऐ. समस्थिपुर बस्ने वर्ष ६९ को गुण माया वाग्लेको घरमा नोक्सानी भएका पिडीतहरुलाई तथा व्यास नगरपालिका वडा नं. ७ का चट्याङवाट पिडित बाबुराम भण्डारीको परिवारलाई थप राहत उपलब्ध गराईदिन आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेशमा सिफारिस गर्ने ।

७. जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय तनहुँवाट यस मनसुन तथा वर्षातको समयमा विपद्को सामना गर्नको लागि स्वीकृत रु. २० लाख वजेट वाट ३५० थान तार जाली विपद्मा परेका सामूहिक सार्वजनिक सम्पती, मठ मन्दिर, गुम्बा, खेती तथा वस्ती, खानेपानी, सिचाई र शैक्षिक संस्थाहरुलाई प्राथमिकतामा राखी घटनास्थल मुचुल्का र प्राविधिक प्रतिवेदन समेतको आधारमा निश्चित मापदण्ड बनाई सोही डिभिजन कार्यालयले पिडित पक्षलाई वितरणको व्यवस्था मिलाउने ।

८. नेपाली सेना नं. १ विपद् व्यवस्थापन गणका शिक्षकहरुवाट २४ जना समुदायका सदस्यलाई विपद् सम्बन्धि ज्ञान दिलाउने उद्देश्यले ४ दिने समुदायमा आधारित विपद् सचेतना तालिम (community

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ

based disaster awareness Training) मंसिर महिनाको दोस्रो साता संचालन गर्ने गरी नेपाली सेना कृष्ण दल गणले सहजिकरण गर्ने, सो तालिमको व्यवस्थापन खर्चका लागि व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई अनुरोध गर्ने ।

९. जिल्ला प्रशासन कार्यालयवाट मिति २०७६।०१।२७ गते पछाडि आज मिति २०७६।०३।०४ गतेसम्म १७ जना विपद् पिडितलाई दिइएको रकम रु. १,०१,०००।— (एक लाख एक हजार मात्र) राहत समर्थन गर्ने ।

१०. विपद् प्रतिकार्य योजना २०७६ प्रकाशनमा सहयोग पुऱ्याउने Care Nepal लाई धन्यवाद ज्ञापन गर्ने ।

११. सबै स्थानीय तहलाई स्थानीय विपद् व्यवस्थापन समिति गठन र स्थानीय विपद् व्यवस्थापन कोष स्थापनाका लागि पुन अनुरोध गर्ने ।